# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

## साना सवारी साधन (तीनपाङ्ग्रे) सञ्चालन अनुमति सम्बन्धी अत्यन्त जरुरी सूचना !

सूचना प्रकाशन मिति २०८२।०४।१२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम साना सवारी (तीनपाङ्ग्रे सवारी साधन) सञ्चालनका लागि सम्बन्धित स्थानीय तहको पूर्वस्वीकृति र अनुमति आवश्यक हुने कानूनी व्यवस्था रहेको छ। तर पछिल्लो समयमा बेसीशहर नगरपालिका क्षेत्रभित्र नगरपालिकाको अनुमति तथा स्वीकृति प्राप्त नगरी नयाँ साना सवारी साधन (तीनपाङ्ग्रे) खरिद गरि संचालन गरेको पाइएकोले नगरपालिकाको ध्यानाकर्षण भएको छ। हाल बेसीशहर नगरपालिकावाट साना सवारी साधन (तीनपाङ्ग्रे) दर्ता तथा संचालन अनुमति प्रदान गर्ने कार्य अर्को सूचना जारी नभएसम्मका लागि स्थगित रहेको हुनाले बेसीशहर नगरपालिका भित्र सार्वजनिक यातायातको रुपमा संचालन हुने गरि अनुमति तथा स्वीकृति विना कसैको लहलहैमा वा भ्रममा परि साना सवारी साधन (तीनपाङ्ग्रे) खरिद, बिक्री तथा सञ्चालन नगर्नुहुन सम्वन्धित सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ।

यदि यस्ता साना सवारी साधन (तीनपाङ्ग्रे) पुर्व-स्वीकृत तथा अनुमति विना खरिद, बिक्री वा सञ्चालन गरेको पाइएमा सम्बन्धित व्यक्ति वा पक्षलाई प्रचलित कानून बमोजिम हुने र यसवाट उत्पन्न हुने सम्पूर्ण जिम्मेवारी सम्बन्धित व्यक्ति/व्यवसायी स्वयंले बहन गर्नु पर्नेछ। साथै सो सम्वन्धमा यस नगरपालिकाले कुनै पनि किसिमको उत्तरदायित्व वहन नगर्ने व्यहोरा समेत यसै सूचनावाट सम्वन्धित सवैलाई जानकारी गराईन्छ।

..............................

(मनोज सिंह बोहरा)
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

**<u>थप जानकारीको लागि सम्पर्क</u>**

बेसीशहर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ

फोन.नं.: ०६६-५२०१५० I Website : besishaharmun.gov.np I Email:besishaharmunicipality@gmail.com